

प्यारो
'लोकतान्त्रिक
गणतन्त्रलाई
निस्पृह
शुभकामना'

नकूल काजी

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com








❑ वर्ष-२१ ❑ अंक - १५४ ❑ २०८३ जेठ २७ गते बुधबार ❑ Tuesday, 10 June, 2026 ❑ मूल्य ७ /-


## संघीय सरकारको मन्त्रिमण्डल पुनर्गठन



**दमक**/ संघीय सरकारको मन्त्रिमण्डल पुनर्गठन भएको छ। मंगलबार प्रधानमन्त्री बालेन शाहले २ मन्त्री थप्दै मन्त्रिमण्डल पुनर्गठन गरेका हुन्। प्रधानमन्त्री शाहले गृहमन्त्रीमा सुधन गुरुङ र विज्ञान प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनलाई नियुक्त गरेका हुन्।

नवनियुक्त दुवै मन्त्रीले मंगलबार पद तथा गोपनीयताको सपथ लिएका छन्। राष्ट्रपति कार्यालय शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलले दुवै मन्त्रीलाई पद तथा गोपनीयताको शपथ खुवाएका हुन्। चैत १३ गते प्रधानमन्त्री नियुक्त भएका शाहले रक्षा मन्त्रालय भने अझै आफैसँग राखेका छन्।

गुरुङ राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट गोरखा-१ र पुन स्वतन्त्र उम्मेदवार भइ म्याग्दीबाट निर्वाचित सांसद हुन्। उनीहरू दुवै जनाको सरकारमा दोस्रो इन्ट्री हो। गुरुङ गत चैत १३ गते गृहमन्त्री नियुक्त भएर वैशाख ९ गते पदबाट राजीनामा दिएका थिए। पुन भने जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्री बनेका थिए।

## कांग्रेस इतर पक्षले एकता भेला गर्ने

**दमक/** नेपाली कांग्रेसको संस्थापन इतर पक्षले विराटनगरमा एकता भेला आयोजना गर्ने तयारी गरेको छ। होटल मनास्लुमा डा. शेखर कोइरालाको प्रमुख आतिथ्यमा हुने भेलामार्फत पार्टीभित्र विभाजित धारलाई एकताबद्ध बनाउने तथा नेतृत्वलाई पार्टी एकताका लागि दबाब दिने उद्देश्य राखिएको आयोजक पक्षले जनाएको छ।

विराटनगर महानगर सभापति दीपक चापागाईंका अनुसार कार्यक्रममा डा. शशांक कोइराला, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार, डा. मिनेन्द्र रिजाल, एनपी साउद, राजीव कोइरालालगायत नेता सहभागी हुनेछन्। उनका अनुसार भेला पार्टीभित्रका विभिन्न धारलाई एकै ठाउँमा ल्याउने प्रयास हो। नेताहरुले भेलामार्फत संस्थापन पक्षलाई विपक्षी धारहरु एकताबद्ध भएको सन्देश दिन खोजिएको बताएका छन्। उनीहरुका अनुसार हालसम्म फरक-फरक रुपमा सक्रिय रहेका शेखर कोइराला, सिटौला, गच्छदार र शशांक कोइराला समूहका नेताहरु पहिलोपटक एउटै मञ्चमा देखिन लागेका हुन्।

इतर पक्षले यसअघि पनि विराटनगरमा प्रदेशस्तरीय भेला तथा छलफलहरु आयोजना गर्दै आएको छ। पछिल्ला गतिविधिलाई निरन्तरता दिँदै हुन लागेको यो भेला पार्टीभित्र शक्ति सन्तुलन कायम गर्न र नेतृत्वमाथि राजनीतिक दबाब बढाउन केन्द्रित रहेको बताइएको छ।

## १३ सय बढी बचतकर्ताले पाए रकम

**दमक**/ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले शिव शिखर बहुउद्देश्यीय सहकारीका थप २१६ जना साना बचतकर्तालाई बचत रकम फिर्ता गरेको छ। समस्याग्रस्त सहकारीबाट ऋण असुली तथा सम्पत्ति व्यवस्थापनमार्फत प्राप्त रकम कानुनी व्यवस्थाअनुसार बचतकर्तालाई वितरण गरिएको हो। समितिका अनुसार हालसम्म शिव शिखरका १,३१३ जना साना बचतकर्ताले आफ्नो बचत फिर्ता पाइसकेका छन्।

## किसानले पाएनन् धानको समर्थन मूल्य

**दमक**/ चैते धान रोपाइँकै समयमा सरकारले घोषणा गरेको न्यूनतम समर्थन मूल्य किसानले अझै पनि पाएका छैनन्। गत चैतमा कृषि तथा पशुपन्छी विकास वन तथा वातावरणमन्त्री गीता चौधरीको पहलमा चैते धानको न्यूनतम समर्थन मूल्य निर्धारण गरिएको थियो।

सरकारले धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार ८५६ रुपैयाँ तोक्दा किसानले उत्पादनको उचित मूल्य सुनिश्चित हुने अपेक्षा गरेका थिए।

विगतमा धान पाकिसकेपछि मात्र मूल्य निर्धारण गर्ने परिपाटी तोडिएको भन्दै किसानले यसलाई सकारात्मक कदमका रूपमा स्वागत गरेका थिए। तर धान भित्र्याउने बेला आइपुग्दा भने त्यो मूल्य व्यवहारमा लागू हुन नसकेर कागजमै सीमित बनेको किसानहरुको गुनासो छ।

## झापा, मोरङ र सुनसरीमा ४ लाखबढी कुखुरा नष्ट

**दमक**/ कोभिड महामारी, आर्थिक मन्दी र दानाको मूल्यवृद्धिले प्रभावित कोशी प्रदेशको पोल्ट्री व्यवसायमा बर्डफ्लु सङ्क्रमणले थप संकट निम्त्याएको छ। चैतयता मोरङ, सुनसरी र झापामा ४ लाख १२ हजार ९५४ वटा कुखुरा नष्ट गरिँदा ५० करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ।

पशुपन्छी विकास महाशाखाकी वरिष्ठ पशु चिकित्सक डा. दीपा दिवालीका अनुसार सबैभन्दा बढी प्रभावित सुनसरीमा २ लाख ८६ हजार ९२१ वटा कुखुरा, ३ लाख ७७ हजार ८० अण्डा, १ लाख २१ हजार ७७५ किलो दाना लगायत सामग्री नष्ट गरिएको छ। सुनसरीका किसानले मात्र २९ करोड २३ लाख ९३ हजार रुपैयाँभन्दा बढीको क्षति व्यहोरेका छन्।

## ओली खाल्डोमा आफैँ परे : योगेश भट्टराइ

**दमक**/ नेकपा एमालेका नेता योगेश भट्टराईले प्रधानमन्त्री बालेन शाह र रवि लामिछानेलाई लक्षित गर्दै एमाले अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनअघि दिएका अभिव्यक्तिले पार्टीलाई ठूलो क्षति पुगेको बताएका छन्। भट्टराईले अहंकारी शैली र नयाँ राजनीतिक शक्तिलाई लक्षित टिप्पणीका कारण एमालेको मत करिब २८ लाखबाट १४ लाखमा झरेको दाबी गर्दै ओलीको अहंकार अझै कायम रहेकोमा आपत्ति जनाएका छन्।

### दमकमा टोल विकास सम्बन्धी नयाँ कानून

## टोल समितिलाई जिम्मेवार र जवाफदेही बनाइने

- टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०८२ लागू
- टोल विकास संस्थालाई स्थानीय विकास, सुशासन र सामाजिक उत्तरदायित्वसँग प्रत्यक्ष जोड्ने उद्देश्य
- २९ अधिकारसहित जिम्मेवार र जवाफदेही बनाइने, महत्वपूर्ण साझेदारका रूपमा विस्तार गर्ने योजना

खगेन्द्र कार्की

**दमक** / दमकमा टोल विकास सम्बन्धी नयाँ कानून ल्याइएको छ। दमक नगरपालिकाले टोल विकास संस्थालाई स्थानीय विकास, सुशासन र सामाजिक उत्तरदायित्वसँग प्रत्यक्ष जोड्ने उद्देश्य राखेर 'टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०८२' लागू गर्दै २९ वटा अधिकार प्रत्यायोजन गरेको छ।

नगरपालिकाले २०७७ सालको कार्यविधि खारेज गर्दै नयाँ कानुनी व्यवस्था लागू गर्ने भएको हो। जारी नयाँ कार्यविधिसँगै टोल विकास संस्थाको भूमिका केवल बैठक गर्ने, बचत संकलन गर्ने वा सामान्य सामाजिक गतिविधिमा सीमित नरही विकास निर्माण र जनसहभागितामूलक अभियानको महत्वपूर्ण साझेदारका रूपमा विस्तार गरिने नगरपालिका प्रमुख रामकुमार थापाले जानकारी दिए।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको कार्यविधिले दमक नगरपालिकाभित्र रहेका टोल विकास संस्थालाई वडा समिति र नगरपालिकाको सहयोगी संरचनाका रूपमा परिचालन गर्ने व्यवस्था गरेको उनले बताए।

कार्यविधिको प्रस्तावनामा सामूहिक प्रयासमार्फत टोलको संस्थागत, सामाजिक, आर्थिक विकास तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्य उल्लेख गरिएको छ। नगरपालिकाले सेवा सुविधाको पहुँच विस्तार गर्न र स्थानीय तहका कार्यक्रमलाई नागरिकस्तरसम्म प्रभावकारी रूपमा पुऱ्याउन टोल विकास संस्थालाई सशक्त बनाउने नीति लिएको जनाएको छ।

नयाँ कार्यविधिको परिच्छेद-३ अन्तर्गत टोल विकास संस्था तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारसम्बन्धी २९ वटा बुँदा समेटिएका छन्। कार्यविधिअनुसार संस्थाले समुदायमा शान्ति सुरक्षा, अमनचयन, सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न सहयोग गर्नेछ। विकास योजना तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, विपद् व्यवस्थापनका क्रममा खोज तथा उद्धार, राहत वितरण, पुनर्निर्माण र पुनःस्थापनामा सहयोग गर्ने जिम्मेवारी पनि संस्थालाई दिइएको छ।

त्यसैगरी वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, सरसफाइ व्यवस्थापन, विद्यालय भर्ना अभियान, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता तथा तथ्यांक संकलनका कार्यमा पनि टोल विकास संस्थाको भूमिका रहनेछ। लागूऔषध नियन्त्रण, स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन तथा सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापनमा समेत संस्थाले सहकार्य गर्नुपर्ने व्यवस्था गरिएको छ। सार्वजनिक ऐलेनी जग्गा, भवन, सडकबत्ती, प्राकृतिक सम्पदा तथा अन्य भौतिक पूर्वाधारको संरक्षणमा टोल विकास संस्थाको सक्रिय सहभागिता रहने उल्लेख गरिएको छ।

कार्यविधिले संस्थालाई आर्थिक पारदर्शीता र अनुशासनसँग पनि जोडेको छ। संस्थाले सभाको निर्णयअनुसार मासिक बचत संकलन गर्न सक्ने, संकलित रकमको रसिद उपलब्ध गराउनुपर्ने, प्राप्त रकमको आय व्यय सार्वजनिक बाँकी ४ पेजमा ▸▸

## दमकका डीएसपीसहित पाँच प्रहरी पुरस्कृत

**दमक/**दमक ८ की रमा तिवारी हत्या प्रकरणमा सफल अनुसन्धान गरेको भन्दै इलाका प्रहरी कार्यालय दमकका डीएसपी हरिबहादुर बस्नेतसहित पाँचजनाको प्रहरी टोली पुरस्कृत भएको छ।

पुरस्कृत हुनेहरूमा डीएसपी बस्नेत, प्रहरी निरीक्षक विपन विक, प्रहरी हवल्दार ज्ञानबहादुर बस्नेत, प्रहरी सहायक हवल्दार विरेन्द्र तामाङ र प्रहरी जवान सविन मगर रहेका छन्। प्रहरी टोलीलाई जिल्ला प्रहरी कार्यालय झापाकी प्रहरी प्रमुख प्रहरी उपरीक्षक वसुन्धरा खड्काले नगदसहित पुरस्कृत गरेकी हुन्।

उक्त टोलीले दमक-८ की २१ वर्षीया रमा तिवारी हत्या प्रकरणमा ९ दिनसम्म गहन अनुसन्धान गरी आरोपी भारतीय नागरिक राकेशकुमार पण्डितलाई पक्राउ गर्न सफल भएको थियो।

## झापाको चियामा किराको प्रकोप

**दमक**/ झापाका विभिन्न चियाबगानमा फैलिएको लुपर क्याटरपिलर किराले चियाका बोटका कोमल पातहरू नष्ट गरिरहेको छ। पात नष्ट भएसँगै उत्पादनमा उल्लेख्य गिरावट आएको र त्यसले किसान तथा उद्योगीहरूलाई आर्थिक संकटतर्फ धकेल्न थालेको उनीहरूको भनाइ छ।

कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार गत वर्ष यस किराले करिब ३० प्रतिशत क्षति पुऱ्याएको थियो। तर, यस वर्ष झापाका धेरै बगानमा ५० प्रतिशतभन्दा बढी क्षति भइसकेको छ।

चियाबगानमा 'लुपर क्याटरपिलर' किराको प्रकोप तीव्र रूपमा फैलिन थालेपछि चिया किसान, उद्योगी तथा बगान सञ्चालकहरू चिन्तित बनेका छन्। झापाको दमक, हल्दिबारी गाउँपालिका, भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका बाँकी ४ पेजमा ▸▸

## पहाडी जिल्ला भोजपुरमा रुद्राक्ष आम्दानीको श्रोत बन्दै

**भोजपुर/** पहाडी जिल्ला भोजपुरका किसानले रूद्राक्ष खेतीबाट राम्रो आम्दानी लिन थालेका छन्। अरूण गाउँपालिका-७ सिक्रेटारस्थित मैदानेका किसान पछिल्लो समय व्यावसायिक रूद्राक्ष खेतीतर्फ आकर्षित भएका छन्। परम्परागत खेतीभन्दा कम मेहनतमा राम्रो आम्दानी हुने भएपछि यहाँका कृषकले रूद्राक्षलाई मुख्य आयस्रोत बनाएका हुन्।

स्थानीय किसान प्रदीप थापाका अनुसार रूद्राक्षबाट यहाँका किसानले वार्षिक न्यूनतम १ लाखदेखि ५ लाख रूपैयाँसम्म आम्दानी गर्छन्। "रूद्राक्षको सिजन सुरू भएपछि गाउँमै व्यापारी आउँछन्," थापाले भने, "देशका विभिन्न ठाउँबाट खरिदका लागि आउने भएकाले बजारको समस्या छैन।

वडाध्यक्ष कुमार थापाका अनुसार रूद्राक्ष खेतीबाट राम्रो आम्दानी हुन थालेपछि यस क्षेत्रलाई 'रूद्राक्ष पकेट क्षेत्र' का रूपमा विकास गर्ने योजना बनाइएको बताए। पछिल्लो समय रूद्राक्षले स्थायी आम्दानी दिन थालेपछि धेरै किसानले यसलाई पहिलो प्राथमिकतामा राखेका छन्। वडाले सिँचाइका लागि दुई वटा पोखरी निर्माण गरिदिएपछि मैदानेका अधिकांश किसान यो खेतीमा लागेका हुन्। ग्रामीण सडकको पहुँच विस्तार भएका कारण पनि रूद्राक्ष खरिद-बिक्रीमा सहजता भएको किसानको भनाइ छ।

## एमालेले देशभरबाट सुझाव संकलन गर्ने

**दमक**/ एमालेले देशभरबाट सुझाव संकलन गर्ने भएको छ। एमाले उपाध्यक्ष रामबहादुर थापा (बादल) नेतृत्वको 'निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल'को बैठकले विभिन्न प्रदेश, सङ्गठन र निकायका पदाधिकारीहरूबाट सुझाव सङ्कलन गर्ने भएको छ। मङ्गलबार बसेको कार्यदल बैठकले सुझाव सङ्कलन तथा भेलाहरू गर्ने निर्णय गरेको एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख निरज आचार्यले जानकारी दिए। आचार्यका अनुसार सुझाव सङ्कलन तथा भेलाको तालिका समेत तय भएको छ।

जसअनुसार जेठ ३० गते बागमती प्रदेश, असार २ गते कोशी प्रदेश, ४ गते लुम्बिनी प्रदेश, ६ गते सुदूरपश्चिम प्रदेश, ८ गते कर्णाली प्रदेश, ११ गते गण्डकी प्रदेश, १३ गते मधेस प्रदेश, १६गते राजधानी, १७ गते सम्पर्क समन्वय, १८ गते जनसङ्गठन र असार १९ गते विभाग प्रमुख र निकायका पदाधिकारीहरूको भेला गरी सुझाव संकलन गर्ने भएको हो।


**सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं**

- राति हिँड्दा टर्च / बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा
- जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं, ट अस्पतालमा
- सर्पदंश विरुद्दको उपचार उपलब्ध हुन्छ ।

*समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## स्वास्थ्य बीमा सुधार आवश्यक

नेपालको स्वास्थ्य बीमा कार्यक्रम अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । सरकारले आर्थिक संकटका कारण निजी अस्पतालहरुमा आकस्मिक सेवाबाहेकका बीमाअन्तर्गतका सेवा स्थगित गरेपछि बीमित नागरिकहरुको ठूलो चाप सरकारी अस्पतालहरुमा केन्ि्रत भएको छ । यसको परिणामस्वरुप सरकारी अस्पतालहरुमा भीड बढेको, सेवाग्राहीले लामो समय कुर्नुपरेको र कतिपय बिरामी उपचारका लागि अलपत्र पर्ने अवस्था सिर्जना भएको छ । स्वास्थ्य सेवाजस्तो संवेदनशील क्षेत्रमा देखिएको यस्तो अवस्था नागरिकको स्वास्थ्य अधिकारसँग प्रत्यक्ष रुपमा जोडिएको विषय भएकाले सरकारको ध्यानाकर्षण हुनु स्वाभाविक छ ।

स्वास्थ्य बीमा कार्यक्रमले विगत केही वर्षमा लाखौं नागरिकलाई उपचार सेवाको पहुँच दिलाएको छ । तर आर्थिक व्यवस्थापन, दाबी भुक्तानीमा ढिलाइ र सेवा प्रदायक संस्थाहरुसँगको समन्वय अभावका कारण कार्यक्रम समस्याग्रस्त बन्दै गएको थियो । अस्पतालहरुलाई १८ अर्ब रूपैयाँभन्दा बढी रकम भुक्तानी गर्न बाँकी रहँदा धेरै निजी तथा केही सरकारी अस्पतालले समेत बीमाअन्तर्गतका सेवा सीमित वा बन्द गर्न बाध्य भएका थिए । यस्तो अवस्थामा निजी अस्पतालबाट सेवा हटाएर सरकारी अस्पतालमा सीमित गर्ने निर्णयले तत्कालीन आर्थिक दबाब त कम गर्‍यो, तर सेवा प्रवाहमा नयाँ चुनौती थपिदियो ।

यद्यपि पछिल्ला दिनमा सरकारले देखाएको सक्रियता सकारात्मक संकेतका रुपमा लिन सकिन्छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य बीमा ऐन संशोधनको तयारी थालेको छ भने आगामी आर्थिक वर्षका लागि १५ अर्ब रूपैयाँ बजेट विनियोजन गरिएको छ । विगतको तुलनामा झण्डै दोब्बर बजेट छुट्याइनु सरकारको प्राथमिकता स्पष्ट पार्ने कदम हो । साथै, सरकारी कर्मचारीलाई समेत स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउने योजना कार्यक्रमको दायरा र आर्थिक आधार दुवै विस्तार गर्ने प्रयास हो । सबैभन्दा महत्वपूर्ण कुरा, लामो समयदेखि रोकिएको बक्यौता भुक्तानी प्रक्रिया पुनः अघि बढ्न थालेको छ । पछिल्लो एक सातामा मात्र २१७ स्वास्थ्य संस्थालाई एक अर्ब तीन करोड रूपैयाँभन्दा बढी रकम निकासा हुनु तथा विपन्न नागरिक उपचार कार्यक्रमअन्तर्गत थप ३२ करोड रूपैयाँभन्दा बढी शोधभर्ना हुनु सकारात्मक उपलब्धि हुन् । यसले अस्पतालहरुमा देखिएको आर्थिक संकट केही हदसम्म कम गर्ने अपेक्षा गर्न सकिन्छ ।

तर केवल बजेट वृद्धि र बक्यौता भुक्तानीले मात्र स्वास्थ्य बीमाका सबै समस्या समाधान हुँदैनन् । कार्यक्रमलाई दीगो र प्रभावकारी बनाउन पारदर्शी वित्तीय व्यवस्थापन, दाबी प्रमाणीकरणको छिटो प्रक्रिया, अनियमितता नियन्त्रण र सेवा प्रदायक संस्थाप्रति विश्वासको वातावरण निर्माण आवश्यक छ । साथै, सरकारी अस्पतालमा बढ्दो भीड व्यवस्थापन गर्न जनशक्ति, औषधि, उपकरण र पूर्वाधारमा समेत समानान्तर लगानी अपरिहार्य छ । स्वास्थ्य बीमा कुनै सामान्य सरकारी कार्यक्रम होइन, यो नागरिकको स्वास्थ्य सुरक्षासँग जोडिएको सामाजिक सुरक्षा प्रणाली हो । त्यसैले यसको सुधारमा सरकारले देखाएको तत्परता स्वागतयोग्य भए पनि परिणाममुखी कार्यान्वयन अझ महत्वपूर्ण हुनेछ । बीमित नागरिकले सहज, गुणस्तरीय र समयमै उपचार पाउने वातावरण सुनिश्चित गर्न सके मात्र स्वास्थ्य बीमाप्रतिको जनविश्वास पुनः स्थापित हुनेछ । अहिलेको चुनौतीलाई सुधारको अवसरमा रुपान्तरण गर्ने जिम्मेवारी सरकार, स्वास्थ्य संस्था र सरोकारवाला सबैको काँधमा छ ।

# प्यारो 'लोकतान्त्रिक गणतन्त्रलाई निस्पृह शुभकामना'



नकूल काजी

देश र देशवासीका हकमा गणतान्त्रिक शासन व्यवस्थाको सारभूत सिद्धान्तले जसरी पाइला टेक्नु पर्दथ्यो त्यसरी टेक्यो कि टेकेन ? सो सिद्धान्तप्रदत्त प्रणालीको स्थापना भएको १७ वर्षयता यस्ता मूलभूत प्रश्नहरूलाई गणतन्त्रका अगुवा तथा देशका उपल्ला मुखियाहरूका स्वार्थ उल्लोलित थिचोमिचोले अहिलेसम्ममा अपारगामी राख्ने अपराध गर्दै आएका छन् । अर्थात् , यस अवधिमा, गणतन्त्रका प्रति आत्मनिवेदित, निश्छल एवम् सकारात्मक कलमहरूले यसै (गणतन्त्र)-को आभ्यासिक धरातलमा उभिएर, 'देखी जान्ने साक्षी'-को रूपमा यसका रोदित-क्रन्दित जिजीविषा लक्षित हजारौं, सम्भवतः लाखौ, प्रश्न अघि नसारेका पनि होइनन् । ती सबै उनै उपल्लाहरूका मैमत्त दलनमा निर्ममतापूर्वक किचिएर, थिचिएर, मिचिएर अनस्तित्व बनेर गएका छन् । यसै त, यही जेठ १५ गते अठारौं वर्षमा पाइला टेकेको नेपाली गणतन्त्र ('लोकतान्त्रिक ?' गणतन्त्र)-ले उसको अभ्यासमा देश र देशवासीलाई सर्वोपरि मान्न नपाएकै कारण नसकिरहेका गुनासा समेत छताछुल्ल छँदैछन् । त्यसैले यतातिर बढी लम्किरहने जरूरी पनि उत्ति देखिन्न ! किनभने, राज्यकोष र अन्य राजकीय स्रोतहरूको मनमौजी भोगचलनमा उनै उदम्भर र वकवेदान्ते रथि-सारथिहरू मगनमस्त भएकाले गणतन्त्रको सौन्दर्यले अनेक रोगका प्रकोपको सामना गर्नु परिरहेको अवस्था अहिले पनि रंग परिवर्तनको फेरोमा अपरिवर्तित र बर्करार छँदैछ ! सचेत नेपालीका अकण्टक अवबोधन नै हो यो र हो, अन्तरस्थ नै भए पनि, आम नागरिक अनुभूतिगत बोधको सक्कली चित्र पनि !...

२०४६ सालको परिवर्तन अघिको २३९ वर्ष राजतान्त्रिक शासनकालको परम्परागत भोगाइबाट अन्तर्भूत अनुवंशीय मानसिकताले मात्र होइन, इतिहासको शुरूदेखिकै अभ्यासको वंशानुगत बोधद्वारा रत्याइएको मनोविज्ञानले निर्देशित जन्मजात नेपाली । त्यस (२०४६साल)- यता आफ्ना औसत बोधशक्तिले जे बुझे त्यही गर्नेगर्नु अनौठो कुरो थिएन र होइन । अर्थात् , उनीहरूले विभिन्न पार्टीभित्र जसरी-तसरी मुन्टो लुकाए । तीमध्ये अधिकांशले दुर्दम्य बाध्यतावश त्यसो गर्नु परेको थियो । अथवा , त्यति नगरे तिनको जीवन-व्यवहार सुचारू हुन संभव थिएन । यसो किनभने परिवर्तनकारी पार्टीका अगुवाहरूको प्रतिबद्धता हेरेर 'परिवर्तन'-ले खुट्टो टेक्ने विश्वास पनि गर्नपर्ने स्वाभाविक र एकोहोरो परिस्थिति पनि थियो । प्रजातान्त्रिक वा लोकतान्त्रिक व्यवस्थाले नै स्थायित्व लिन्छ भने र आफूमा रहेको रूढ वैचारिक हठ (?) दीर्घायु हुँदैन भने बरू समयमै पार्टीको पछ्यौरा समाउनु बुद्धिमानी हुन्छ भन्ने सोचले नै अधिकतर व्यक्तिलाई अन्धाधुन्ध पार्टी प्रवेश गराएको थियो । तर, समय गुज्रिँदै जाने क्रममा प्रायशः पार्टी अगुवा (नेता)-हरूका प्रतिबद्धता खलनायकीय संवादका रूपमा निस्सृत रहेछन् भन्ने जनमनले थाहा पाउँदै गयो; तिनका प्रतिको विश्वासमा पहिरो लढ्दै गयो वा आधारभूत अविश्वासत बढ्दै गयो । र, त्यो फेरि विश्वासतर्फ फर्किने आशाका आधारहरू टुट्तै गए, धैर्यका बाँधहरू फुट्तै गए । समय मुताविक सामाजिक परिस्थिति बदि्लनु र त्यसै वातावरण अनुकूल सामाजिक पृष्ठभूमि तयार हुनु त विश्व-मानव समाजको अदमनीय नैसर्गिकता नै हो । फलतः त्यो अक्करिलो स्थितिलाई शमन गरी यो ताजा वर्तमानले अंगीकार गरिरहेको विकल्प-बोधक स्थितिको वीजारोपण भएको हुन सक्तछ । तर, यो परिवर्तित परिस्थितिले पनि लोक-अभीप्सालाई सम्बोधन गर्ला भन्ने लक्षण देखाइरहेको छैन ! बरू पुरानै गति-मतिलाई पुनराकृत गर्ने बाटो अख्तियार गर्ला कि भन्ने शंकालाई मलजल गर्न थालेका दृश्यावली देखाउन थालिएको छ ।

विश्वकै अत्याज्य, अपरिहार्य र जीवन-दैनिकीका प्रति सचेत हुन अनिवार्य विषय त दैनिकी निर्वहनको सोच-अवधारणा हुँदै हो । अर्थात् , जीवन निर्वाह र त्यसअन्तर्गत आउने पेशागत व्यावहारिक र व्यावसायिक बाध्यता, यो शताब्दी-सान्दर्भिक 'मान्छे' मात्रको लागि पनि, प्राकृतरूपमै अपरिहार्य हुनु अनौठो पनि होइन । त्यसलाई सुचारू, सहज र सरल राख्ने कुराले मान्छे मात्रमा सर्वोपरि महत्व राख्तछ । जीवन-दैनिकी शान्त, व्यवधानमुक्त, सुरक्षित, द्विविधारहित, अन्योलमुक्त, निश्चिन्त र निर्भय राख्ने ध्याउन्न नै वस्तुतः प्रेक्षित जीवनचर्य्या हो । नेपालीका यिनै आभ्यन्तरिक मनोवैज्ञानिक भावधाराको मूर्त क्रान्ति नै गत ०८२ भदौमा 'जेन-जेठ' वयका युवाहरूको क्रान्ति थियो । त्यो क्रान्तिले सबै वय वर्गका नेपालीको हार्दिक संगति पाउनुका आधारहरू पनि उपर्युक्त बमोजिम नै थिए । आजका सत्ताधारीलाई प्राप्त 'आश्चर्यजनक र अकल्प बहुमत' त्यसैको प्रभावी र अदभुत प्रकरण मान्नै पर्दछ ।

अर्थात्, यही 'संघीय लोकतान्त्रिक गणतन्त्र'-को ढोल-ढ्यांग्रो ठोकेर मुलुकमा 'लुटतन्त्र' अनुरूप 'प्रतिबद्धता' नामे प्रलापले नागरिक कित्तालाई ढाँटका सदृष्ट-अदृष्ट प्रकरणहरूमा अल्मल्याएर आजको 'समृद्धि'-मा पुगेकाहरूले एकातिर यो व्यवस्था अनुकूल शासकीय अभ्यासको मार्गचित्र नै नबनाई जतातत‌ै सत्ता खोसाखोसको उफ्रीपाफ्री र रोड्याइँ गरिरहे । अर्कातर्फ नेपाललाई अन्तर्राष्ट्रिय शक्ति-संघर्षको सुरक्षित थलो मान्नेहरूले, यहाँ सत्तामा बारम्बार पालो फेर्ने पार्टीहरूका मौजूदा नेतृत्वलाई नचाउने मदारीको हैसियत धारण गर्न सदृश्य सजिलो वातावरण बनिरह्यो ! यसले पनि देशका प्रति आत्मनिवेदित नेपालीलाई बेस्सरी डहन थालेको थियो । जम्मैमा, 'संघीय लोकतान्त्रिक गणतन्त्र'-को स्थापनापछि सत्तासीन पार्टीहरूले पालैपालो त्यसलाई 'आफ्नो अधधिकारको वस्तु' जस्तो ठानेर मनचाहे खेलाएका हुन् र त्यो एउटा 'बृत्ति' तहमा पुगेर चरम अपमानित र प्ताडित हुँदै आएको थियो । कतिपय घोचक तथा लोकतान्त्रिक गणतन्त्रका लागि झन बिब्ल्याँटा र दुर्भाग्यपूर्ण कथा-प्रकरीहरू त यसको १७ वर्षे उमेरका ६ हजार २०५ दिनको दोबर-तेबर संख्यामा आउने होलान् ! र, आज फेरि पनि त्यस्तै दुर्दिन पुनरावृत्त हुने लक्षण देखा पर्दैछ ! यो व्यतिरेक सोचको कारक काया त गत आइतवार (जेठ १७ गते) देशको दोस्रो महत्वपूर्ण अंग (व्यवस्थापिका)-को प्राङ्गणमा देख्ने दुर्भाग्य नै भयो ! देशको अझ महती प्रथम अंगका प्रमुख किंवा देशको उपल्लो निर्देशक 'संविधान'-द्वारा अहर्निश निर्दिष्ट हुनैपर्ने कार्यकारी अख्तियारवाहक प्रधानमन्त्रीले नै बालसुलभ रूपमा त्यो काया नाङ्गै देखाएका छन् ।

साँच्चै यो वर्तमानले अपदस्त तुल्याएको ०८२ भदौ २३ सम्मको सरकारकालमा त 'लोकतान्त्रिक गणतन्त्र' विचराको आत्मा दिवंगत भइसकेर त्यसको कङ्काल मात्र बाँकी थियो भन्दा पनि हुने अवस्था थियो । लोकतन्त्रमा 'गलत क्रियाकलाप'-सँग असहमति जनाउनु अथवा त्यस्ता क्रियाकलापको विरोध हुनु कुनै खतराको विषय थिएन । बरू त्यसलाई गणतान्त्रिक समृद्धि-विकासको संकेत र प्रणालीको सकारात्मक शक्तिबृद्धि मान्नुपर्ने हुन्थ्यो । तर, त्यसो भएन मात्र होइन, अबोध बाल-बालिका समेत ७६ नेपालीको हत्या नै गरियो ! आ ँनो इच्छित सत्ताको दाइँ र रजाइँ सुरक्षित गर्ने स्वार्थका लागि यस्ता बर्बर कुकर्मसम्म खुलेआम नारियो ! यद्यपि, त्यो पाषाण उदरम्भरी शासकको क्रूर शासकीय अध्याय सँधैका लागि समाप्त भई शासकीय लयमा लोकतन्त्रानुकूल सुधार आइदिए मात्र पनि ती ७६ शहिदहरूको उचित सम्मान हुने आजको उपल्लो अपेक्षा थियो । र, 'लोकतान्त्रिक गणतन्त्र'-को जिजीविषाले पुकारिरहेको पनि यही थियो - चाहे त्यो पुकार स्वाभाविक मौन गुम्फनमै किन नहोस् ! तर, आज फेरि 'बहुमतको गुमान', दैनन्दिन प्रखर हुँदै गएको व्यवहार र अबोधगम्य 'मौन' गर्जन मुखर हुन थालेको छ !

हुन त, देशको नीति-निर्माणको मुख्य दायित्ववाही राष्ट्रिय व्यवस्थापिका (प्रतिनिधि सभा)-को ताजा गतिविधि हेर्दा त 'लोकतान्त्रिक गणतन्त्र'-लाई राज्य-दोहनबाट निस्सृत कुराउनी मटक मार्ने अवसरदायी माध्यम मान्नेहरूको घोर्ले स्वरहरू नै सर्बग्राही मान्नुपर्ने हो कि भन्ने भ्रम हुन्छ - स्वादिष्ट खाना पेटभरि खाइआएकाहरू भोकाएर मच्चाएको कोलाहल जस्तो ! र, अर्कातिर, मौजूदा राज्य-रथिहरू चाहिँ, यत्रो प्रलयकारी लोकशक्ति आफ्नो पछाडि हुँदाहुँदै पनि, किन मौन छन् ? - भन्ने प्रश्नहरू भूइँ नागरिकमा समेत क्रमशः तिखारिन थालेका छन् । यद्यपि यस्ता प्रश्नहरूमा 'वर्तमान शासकीय मौनता' आँधी अघिको आकाशको मौन ( सन्नाटा) जस्तै होस् भन्ने जन-प्रेच्छा अझै पनि बढ्ने क्रममै छ । यसलाई बुझ्नुपर्ने कर्त्तव्य बोकिरहेकाहरूले बुझिदिए पछिल्लो क्रान्तिको अभीष्ट पूरा हुने वातारणको बल्ल त्यस बिन्दुबाट उदय हुनेछ भन्नु पनि अतिशयोक्ति नहोला ।

उपर्युक्त सबै त परै जाउन् ! उल्टै पृथ्वीनारायण शाहद्वारा निर्मीत 'विशाल नेपाल'-ले गौरवान्वित एवम् इतिहासको आदिदेखि अटुट स्वतन्त्र यो देशका लागि यही 'लोकतान्त्रिक गणतन्त्रको जोतभोगकाल' बढी भयप्रद रहँदै आएको तुल्यताको पटाक्षेप नै पनि सम्भव देखिँदै छैन । यो अर्को कट्मिरिएको विषय बनेर देशभक्तका छातीहरूमा बिझाइरहेको छ !...

अतः सबभन्दा लामो सीमा जोडिएको छिमेकी इण्डियाद्वारा सदा प्रणोदित पृथकतावादीहरूका सोच-अवधारणाको अनुकूलतातर्फ धकेलेर यस कालखण्डमा पनि 'मृत्युसँग भन्दा परतन्त्रतासँग डराउने' नेपाली लोकलाई हरेक शासक दलहरूले भयभीत राख्तै आएका छन् । अहिलेको परिवर्तनले त्यसो गर्दैन भन्ने यस (परिवर्तन)-का योद्धाहरू र तिनका अनुगामी अगुवा नेपालीमा विश्वस्त आम समुदायमा फेरि पनि नैराश्य शुरू भएको छ । नेपाली लोकलाई ललाई-फकाइले लोलित तुल्याएर तिनका विश्वासलाई धोका दिने दुष्कर्म बारम्बार हुँदै आएको त थियो नै र अहिले पनि त्यसै हुन थालेको त होइन ? अतः 'लोकतान्त्रिक गणतन्त्र'-को पटाङ्गिनीमा चलखेलको हैसियत बनाउनेहरू इण्डियापरस्त गैरजिम्मेवार, तीब्र विरोधाभाषपूर्ण र देशका प्रति सरासर हेपायती 'बकवासरूपी लम्पसार'-का एकपछि अर्को पीठिकाले सुसंसकृत लोकमाथि प्रत्यक्ष-परोक्ष बहुमुखी मत्सर व्यवहारलाई जीवन्त राख्ने हो भने, अन्ततः, यो राज्य-प्रणाली ('लोकतान्त्रिक गणतन्त्र' !)-को कन्तबिजोकै त हुने होइन ? जस्ता कण्टक प्रश्नहरू पनि सुनिन थालेका छन् !...

इण्डिया, यो दक्षिण-पूर्वी एशियाली भूखण्डमा, आयतनले 'विशाल' अवश्य हो, तर 'महान' होइन । किनभने, उसले आफूलाई जति नै अग्रणी लोकतान्त्रिक मुलुक मानेको भए पनि त्यो सोच विशालताको दम्भको उत्सर्जन नमान्ने आधार सतही त जो छँदैछ । किनभने, उसको परिभाषाले 'विशालता'-मा 'महानता' संश्लिष्ट हुनुपर्छ भन्ने ओर्यै उसको आत्माभिमान मात्र ठहरिँदै आएको छ । दुई सय वर्षे बृटिश दासतामा रत्तिएको इण्डियन राजनीतिक मानसिकता त्यो दासताबाट मुक्त भएपछि त झन, एक किसिमको दुर्व्यसनको रूपमा, त्यही भावभूमिमा जहिल्यै रमाएर उत्ताउलिने मनोदशामा देखिँदो छ । दासताको त्यस्तै स्वाद चखाएर भूटान, पाकिस्तान, बांगलादेश, श्रीलंका, माल्दिभ्स, फिजी आदिलाई इण्डियाले आफ्नो संगतिया र आश्रित बनाउन चाहिरहेको नेपालले नबुझेको थिएन । निकटकै उदाहरण छ - ११ सय वर्ष पुरानो ईतिहास बोकेको सानो र निर्बल राष्ट्र सिक्किममाथि त सन् १९५० देखि आफ्नो दासता लाद्दै ल्याएर सन् १९७४ मा, साँपले भ्यागुता निले झैं निलेको जगजाहेर छ ! भूटान आज पनि अर्द्ध-संरक्षित (semi–protecrorate) देश बन्नु परेकाले भित्रभित्रै कहालिनु परिरहेको अवस्थामा छटपटाइरहेको छ । दक्षिण-पश्चिम प्रशान्त महासागरीय सानो टापु, तर सार्वभौम राष्ट्र, फिजीको नामसँग त जनसंख्या अतिक्रमणको हकमा इण्डियनसँग 'विस्तारवादी'-को दुर्नाम गाँसिइरहेकै छँदैछ ।

अर्थात्, यी पृष्ठभूमिहरूमाथि उभिएर नेपाली 'संघीय लोकतान्त्रिक गणतन्त्र'-को अद्यावधिक मीमांसा गर्दा यसले भोग्दै आएका यसैका मुखियाप्रदत्त पीडाका अरण्य रोदनमय पीठिकाहरू र ती पीठिकाले पछ्याइरहेको यो वर्तमानसम्म पनि कम संदिग्ध छैन ! हुन त, एउटा देशभक्त नागरिकले आफ्नो अभीप्सा अनुकूल आएको 'संघीय गणतन्त्र'-लाई उसको अठारौं शुभ जन्मदिनमा निस्पन्द शुभकामना दिनुपर्ने अवस्थाका कारक उपादनाहरूको वर्णन कसरी सहजसाध्य छ र ?....त्यसैले आजलाई यति नै ! शेष फेरि -

## सामाजिक सञ्जाल

### मर्यादाको सम्मान होस्



ज्ञानेन्द्र पाण्डे

राज्यका प्रतीक, चिन्ह र संस्थागत मर्यादाको सम्मान गर्नु लोकतान्त्रिक शासन प्रणालीको आधारभूत दायित्व हो । नेपाल सरकारको निशाना छाप जस्ता आधिकारिक प्रतीकहरूको प्रयोग कानुनी व्यवस्था र निर्धारित मापदण्डअनुसार हुनुपर्छ । यस्ता प्रतीकहरु कुनै व्यक्ति, समूह वा राजनीतिक दलको स्वार्थका लागि नभई सम्पूर्ण राष्ट्रको पहिचान र गरिमासँग जोडिएका हुन्छन् । त्यसैले यसको प्रयोगबारे सार्वजनिक चासो र बहस हुनु स्वाभाविक तथा आवश्यक विषय हो ।

लोकतन्त्रमा परिवर्तन, सुधार र वैकल्पिक राजनीतिक अभ्यासको अपेक्षा गरिन्छ । तर परिवर्तनको नाममा स्थापित कानुनी व्यवस्था र राज्यका मर्यादालाई बेवास्ता गर्नु उचित हुँदैन । नयाँ होस् वा पुरानो, सबै राजनीतिक शक्ति कानुनको समान दायराभित्र रहनुपर्छ । विधिको शासनको वास्तविक अर्थ नै सबैलाई एउटै मापदण्ड लागू हुनु हो । त्यसैले कुनै पनि पक्षबाट भएको सम्भावित त्रुटि वा कमजोरीलाई तथ्य र कानुनका आधारमा समीक्षा गरिनुपर्छ । सकारात्मक पक्ष के हो भने नागरिकहरु अहिले यस्ता विषयमा बढी सचेत र संवेदनशील बन्दै गएका छन् । सार्वजनिक सरोकारका मुद्दामा नागरिक निगरानी बढ्नु लोकतन्त्रको स्वास्थ्यका लागि राम्रो संकेत हो । राज्यका प्रतीकहरूको सम्मान, कानुनी व्यवस्था पालनाप्रतिको प्रतिबद्धता र सार्वजनिक जवाफदेहिताको संस्कृतिलाई बलियो बनाउन सबै राजनीतिक दल, संस्था र नागरिकको समान भूमिका आवश्यक छ । यसले सुशासन, पारदर्शिता र लोकतान्त्रिक मूल्यहरूको संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ । इटहरी


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# भोजपुरमा सडक स्तारोन्नतिले जीवन बदलिँदै



**भोजपुर**/टेम्केमैयुङ गाउँपालिका-२ छिनामखुस्थित सिरदली-चौडेनी सडक स्तरोन्नति गरिएको छ । सडक स्तरोन्नति गरिएपछि स्थानीयवासीको दैनिकी सहज बन्दै गएको छ । बस्ती क्षेत्रलाई आपसमा जोड्ने मुख्य सडकका रुपमा रहेको यस सडक ग्रामीण जनजीवनका लागि महत्वपूर्ण मानिन्छ । वडाले हरेक वर्ष सडक मर्मत तथा स्तरोन्नतिका कार्यलाई प्राथमिकतामा राख्दै आएको छ । करिब नौ किलोमिटर लम्बाइ रहेको उक्त सडकको विस्तारकार्य २०६५ सालदेखि कच्ची सडकका रुपमा सुरु गरिएको थियो । प्रारम्भिक चरणमा सामान्य ट्र्याक खोलिएको सडकलाई पछिल्ला वर्षहरुमा क्रमशः स्तरोन्नति गर्दै ग्राभेल, सोलिङ, नाली निर्माण तथा चौडाइ विस्तारजस्ता कार्य गरिँदै आएको छ । यसले गर्दा अहिले सडक अधिकांश समय सवारीसाधन सञ्चालनयोग्य बनेको छ ।

उक्त सडकले साविकका वडा नं १ देखि ६ सम्मका बस्तीलाई प्रत्यक्ष रुपमा जोडेको छ । वडासदस्य जीवन राईका अनुसार सडक स्तरोन्नतिपछि गाउँबस्तीका नागरिकले बजार, जभबतिज संस्था, विद्यालय तथा अन्य सेवामा सहज पहुँच पाएका छन् । 'सडक स्तरोन्नति गरिएपछि आवतजावतमा सहजता छ । यसले दैनिक जीवनमा राहत मिलेको छ', उनले भने ।

वडाध्यक्ष बालचन्द्र राईका अनुसार सडकलाई बाह्रै महिना सञ्चालनयोग्य बनाउने उद्देश्यले योजनाबद्ध रुपमा काम भइरहेको छ । वर्षायाममा सडक बिग्रिने समस्या बढी हुने भएकाले नाली व्यवस्थापन, पानी निकास, ग्राभेल बिछ्याउने र आवश्यक ठाउँमा सोलिङ गर्ने काम निरन्तर भइरहेको उनले जानकारी दिए । उनका अनुसार आवश्यकताअनुसार सडकका जोखिमयुक्त स्थानमा संरक्षणका संरचना निर्माण गर्ने योजनासमेत अघि बढाइएको छ ।

यसअघि वर्षायाममा हिलाम्मे र चिप्लो हुने तथा हिउँद याममा धुलाम्मे हुने समस्याका कारण आवतजावतमा कठिनाइ हुने गरेको थियो । तर पछिल्लो स्तरोन्नतिसँगै यस्ता समस्या क्रमशः घट्दै गएका छन् । सडक सुधारपछि एम्बुलेन्स सेवा सञ्चालनमा सहजतासँगै बिरामीलाई समयमै स्वास्थ्य संस्था पुऱ्याउन सकिने भएको स्थानीयवासी पदम राईले बताए ।

त्यसैगरी, कृषि उत्पादन ढुवानीमा समेत सहजता आएको छ । तरकारी, फलफूल तथा अन्य कृषिजन्य वस्तु बजारसम्म लैजान सहज भएपछि किसानको आम्दानीमा समेत सकारात्मक प्रभाव परेको छ । यातायात पहुँच सुधारसँगै स्थानीय व्यापार-व्यवसाय विस्तार हुने सम्भावना पनि बढेको छ ।

स्थानीय तहको निरन्तर लगानी, जनसहभागिता तथा योजना कार्यान्वयनमा देखिएको सक्रियताका कारण सडक पूर्वाधारमा सुधार हुँदै गएको छ । वडाले आगामी दिनमा थप बजेट व्यवस्थापन गरी सडकलाई अझ व्यवस्थित, सुरक्षित र दिगो बनाउने लक्ष्य लिएको छ ।

## स्वास्थ्य



# गर्मी मौसममा के खाने, के नखाने ?

**दमक**/ अहिले गर्मीको मौसम छ। गर्मीले आजित बनाएपछि मानिसलाई के गर्ने र कसो गर्ने भन्ने हुन्छ। कहाँ शितल होला, के खाँदा शितल होला भन्ने पिरलो सबैलाई हुन्छ। त्यसैले गर्मीका बेला खाने कुरामा ध्यान दिनुपर्छ। गर्मीमा शरीरमा पानीको कमी हुने अर्थात् डिहाइड्रेसन हुने लगायतका विभिन्न खाले संक्रमण तथा स्वास्थ्य समस्या देखिन सक्छन्। डिहाइड्रेसनको खतरा गर्मी याममा निकै बढि हुने भएकाले आफ्नो खानपिनको आदतमा विशेष ध्यान दिन र जिउको रोगप्रतिरोधी क्षमता बढाइराख्न विशेषज्ञहरुले सल्लाह दिने गरेका छन् ।

गाँजर, गोलभेँडा, पालक, काँक्रो, खरबुजा, मेवा, आँपजस्ता फलफूल खानुपर्छ। गर्मीमा यस्ता मौसमी फल खानु ज्यादै राम्रो हो। यसले एसिडिटीको समस्याबाट पनि छुटकारा दिलाउँछ। यस्ता मौसमी तरकारी र फलफूल खाने गर्नाले शरीर शीतल रहन्छ।

पोषण विज्ञहरुका अनुसार गर्मीमा मानव शरीरबाट अत्यधिक पसिना निस्कने कारण इलेक्ट्रोलाइट असन्तुलित बन्दछ। त्यसकारण नियमित खानाको अलावा फलफूल तथा सागसब्जी र प्रसस्त सलाद लिनु जरुरी हुन्छ। गर्मी याममा सरीरमा पानीको पर्याप्त आपूर्तिका लागि प्रसस्त पानीको मात्रा हुने सागसब्जी तथा तरकारीहरु जस्तै फर्सी, करेला, लौका, पालुंगो, हरियो सिमीको भोजन गर्नुपर्छ। गर्मी याममा खाजाको रुपमा पनि दुध, फलफुल, जुस, टुसा उमारेको गेडागुडी लगायतका परिकार समावेश हुनु आवश्यक हुन्छ। त्यसका साथै बिहानको खानामा दालभात समावेश गर्नु राम्रो हुन्छ।

बेलुकीको खानामा फाइबरयुक्त सागसब्जी, बन्दा तथा काउली र रोटीको सेवन गर्नु स्वस्थकर हुने र जिउले पचाउन सजिलो हुने बताइन्छ। गर्मी याममा डिहाइड्रेसनबाट बच्नका लागि ग्रीन टी अथवा कोल्ड कफीको सेवन पनि लाभदायी हुन्छ। गर्मीको समयमा शरीरको पाचन प्रणालीमा समेत समस्या आउने भएकाले हल्का खाना खानुपर्छ नत्र अपच हुने जोखिम हुन्छ। लामो समयको अन्तरालमा धेरै खानेकुरा खानुभन्दा छिटो छिटो तर थोरै थोरै खानेकुरा खाएमा पचाउन सजिलो हुन्छ। त्यस्तै तरबुजा, खरबुजा, कांक्रो, लिची, स्याउ जस्ता मौसमी फलफुल खानुपर्छ, जसले शरीरमा पानीको पर्याप्त आपूर्ति गर्नुका साथै रोग प्रतिरोधी क्षमता पनि बढाउँछ। बजारमा पाइने चिसो पेय पदार्थको साटो दही, उखुको रस, नरिवल पानी तथा लस्सी पिउनु आवश्यक हुन्छ।

तेलमा तारेका, भुटेका खानेकुराहरु नखानु नै राम्रो हुन्छ। खानेकुरा पकाएर लामो समयसम्म नराख्नुहोस्, छिटै खानुहोस्। बासी खानेकुरा खाँदा रोगको संक्रमण हुने जोखिम हुन्छ।

## जानकारी

### कुन अंगलाई केले हानी पुऱ्याउँछ

मस्तिष्क (Brain) : निद्राको कमी
मुटु (Heart) : धेरै नुन
फोक्सो (Lungs) : धुम्रपान
हड्डी (Bones) : धेरै सोडा (कोकाकोला जस्ता पेय पदार्थ)
आँखा(Eyes) : धेरै स्क्रिन समय (मोबाइल, टिभी)
कोषहरू (Cells) : प्रशोधित मासु
कलेजो Liver) : रक्सी (मदिरा)
आन्द्रा (Intestines): कम फाइबर भएको खानेकुरा
दाँत (Teeth) : चिनीयुक्त पेय पदार्थ
रक्तनली (Vessels): ट्रान्स फ्याट (खराब चिल्लो)
जोर्नी (Joints) : मोटोपना
नसा (Nerves) : धेरै क्याफिन (चिया, कफी)
थाइराइड (Thyroid) : कम आयोडिन
छाला (Skin) : धेरै घाम
मिर्गौला (Kidneys) : कम पानी पिउनु
प्यान्क्रियाज (Pancreas) : धेरै चिनी

### जीवनका अमुल्य सत्यहरू

१. सबैभन्दा ठूलो रोग : शंका
२. सबैभन्दा ठूलो पीडा : चिन्ता
३. सबैभन्दा ठूलो श्रृङ्गार :मुस्कान
४. सबैभन्दा ठूलो सत्य :मृत्यु
५. सबैभन्दा ठूलो सौन्दर्य :सरलता
६. सबैभन्दा ठूलो शत्रु :अहंकार
७. सबैभन्दा ठूलो शिक्षा :सीप
८. सबैभन्दा ठूलो शक्ति :धैर्य
९. सबैभन्दा ठूलो धन :सन्तोष
१०. सबैभन्दा ठूलो सम्पत्ति :ज्ञान
११. सबैभन्दा ठूलो पहिचान : इज्जत
१२. सबैभन्दा ठूलो औषधि : सोच
१३. शब्दभन्दा ठूलो मित्र : आफै

# महिला सचेतना तथा कानुनी परामर्श

भद्रपुर/ महिला सचेतना तथा कानुनी परामर्श कार्यक्रम भद्रपुरमा सम्पन्न भएको छ। एबीसी नेपाल झापाको आयोजना तथा भद्रपुर नगरपालिकाको सहयोगमा भद्रपुर नगरपालिका वडा नम्बर ९ स्थित केदारेश्वर मन्दिरको सभाहलमा "महिला सचेतना तथा कानुनी परामर्श" कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा सहभागी महिलाहरूलाई कानुनी अधिकार, महिला हिंसा, न्यायमा पहुँच तथा सुरक्षासम्बन्धी विषयमा जानकारी प्रदान गरिएको थियो। कार्यक्रममा अधिवक्ता देवी निरौला अधिकारी र प्रहरी निरीक्षक दाक्षेका शेर्पाले सहजीकरण गरेका थिए। भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा नगर उपप्रमुख राधा कार्की विशिष्ट अतिथि थिएभने वडा नम्बर ९ का अध्यक्ष रामप्रसाद दाहाल, एबीसी नेपाल झापा उपाध्यक्ष रेखा अधिकारी, चन्द्रगढी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष अनुज खतिवडा, केदारेश्वर मन्दिर समितिकी उपाध्यक्ष पार्वता मल्ल, सचिव वीरेन्द्र मल्ल, टोल विकास संस्थाका अध्यक्षहरू तथा अन्य अतिथिहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा ५९ जनाको सहभागिता रहेको थियो।

# बसाइँ सराईका लागि नयाँ मापदण्ड

**फुङलिङ**/ ताप्लेजुङको सिरिजंघा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसाइँ सरी आउने व्यक्तिका लागि नयाँ मापदण्ड लागू गरेको छ। गाउँपालिकाले सूचना जारी गर्दै बसाइँ सराई दर्तालाई थप व्यवस्थित बनाउन आवश्यक मापदण्ड कार्यान्वयनमा ल्याएको जनाएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर आङदेम्बेका अनुसार अब सिरिजंघा गाउँपालिकामा बसाइँ सरी आउने व्यक्तिमध्ये कम्तीमा एक जनाको नाममा सम्बन्धित वडा भित्र छ महिनाअघि नै जग्गा खरिद गरेको हुनुपर्ने व्यवस्था गरिएको छ। साथै, उक्त व्यक्तिको घरजग्गा कायम रहेको विषय सम्बन्धित वडाध्यक्षले प्रमाणित गरेको कागजात अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

गाउँपालिकाले तोकिएका सबै मापदण्ड पूरा गरेका लाभग्राहीहरूको मात्र बसाइँ सराई दर्ता गरिने गाउँपालिका उपाध्यक्ष डा. चित्र माबोले जानकारी दिए।

# सीमा विवादबारे भारतीय अखबार

### ✎ नवभारत टाइम्स

'परराष्ट्रमन्त्री खनालद्वारा दिल्लीस्थित नेपाली दूतावासमा पत्रकारहरुसँग गरेको कुराकानीको विषयलाई आधार बनाएर प्राथमिकताका साथ समाचार प्रकाशन गरेको छ ।

सीमा विवादबारे सोधिएको एक प्रश्नमा मन्त्री खनालले दिएको जबाफ उद्धृत गर्दै समाचारमा लेखिएको छ, 'हामी एकै नदीका सन्तान हौँ । हामी जब खुला मनले बस्छौँ, कुनै पनि समस्या धेरै ठुलो हुँदैन, कुनै पनि सीमा धेरै जटिल हुँदैन । हामीले भारततिर खुला हृदयले, स्पष्ट दृष्टिले र एक पारदर्शी एजेन्डा- नेपालको आर्थिक रूपान्तरणका साथ हेरेका छौँ ।'

### ✎ दैनिक जागरणको अनलाइन संस्करण

दिल्लीस्थित नेपाली दूतावासमा आयोजित पत्रकार सम्मेलनमै मन्त्री खनालले दिएको अभिव्यक्तिलाई उद्धृत गर्दै समाचारमा लेखिएको छ, 'नेपालले नयाँ दिल्लीलाई २१ औँ शताब्दीको भूराजनीतिको अति समवेदनशील चश्माबाट हेर्न चाहँदैन । जबकि दुई देशबिच एक स्पष्ट तथा पारदर्शी एजेन्डा हुनुपर्छ ।' बालेन शाह नेतृत्वको सरकार पूर्ण रुपमा नयाँ राजनीतिक वास्तविकता रहेको प्रस्ट पार्दै मन्त्री खनालले 'यो सरकार पुराना बोझलाई लिएर नेपाल-भारत सम्बन्ध बन्धक बनाउन नचाहने' बताएको उक्त समाचारमा उल्लेख छ ।

### ✎ भारतीय न्यूज च्यानल 'आजतक'को अनलाइन संस्करण

'मन्त्री खनालको भारत भ्रमणसँग सम्बन्धित समाचार प्रकाशन गरिएको छ । 'मन्त्री खनालले सीमा विवाद, क्षेत्रीय मतभेद, सीमा व्यवस्थापन जस्ता विषय कूटनीतिक र विद्यमान दुई पक्षीय संयन्त्रका माध्यमबाट सुल्झाउन सकिने विश्वास व्यक्त गरेको 'आजतक'ले उल्लेख गरेको छ ।'

# पत्रकारितामा एआईको प्रयोग प्रशिक्षण कार्यक्रम सम्पन्न




**इटहरी**/नेपाल पत्रकार महासंघ सुनसरी शाखाको आयोजना तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको सहयोगमा पत्रकारीतामा एआइको प्रयोग प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

रू'क्षमता विकास अन्तर्गत पत्रकारितामा (कृत्रिम बौद्धिकता) को प्रयोग' विषयक उक्त प्रशिक्षण कार्यक्रम पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

रूनेपाल पत्रकार महासंघ सुनसरी शाखाका अध्यक्ष सन्तोष का ̂ लेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पत्रकारिता क्षेत्रमा भित्रिँदै गरेको नयाँ प्रविधि र एआई को सुरक्षित तथा प्रभावकारी प्रयोगका बारेमा छलफल र प्रशिक्षण दिइएको थियो । कार्यक्रममा प्रशिक्षक प्रवेश सुवेदीले सहभागी पत्रकारहरूलाई प्रशिक्षण गराएको हो ।

रूविभिन्न सञ्चारमाध्यमका पत्रकारहरूको सहभागिता रहेको सो रूकार्यक्रम रूरूडिजिटल प्रविधिको विकाससँगै पत्रकारितामा भित्रिएका चुनौती र अवसरलाई मध्यनजर गर्दै पत्रकारहरूको पेशागत क्षमता अभिवृद्धिका लागि यो कार्यक्रम निकै फलदायी रहेको सहभागीहरूले बताएका छन् ।

# संकटमा नेपाली चलचित्र बजार



**दमक**/ नेपाली चलचित्र बजार यतिवेला संकटमा परेको छ। ०७८ सालको जनगणनाअनुसार नेपालको जनसंख्या २ करोड ९१ लाखभन्दा थोरै बढी छ। अर्कोतर्फ नेपालको सबैभन्दा बढी ४७ करोड व्यापार गर्ने फिल्म 'पूर्णबहादुरको सारङ्गी' हेर्न १७ लाख वटा टिकट खरिद-बिक्री भएको छ। सर्वाधिक दोस्रो व्यापार गर्ने 'कबड्डी ४' र तेस्रो व्यापार गर्ने '१२ गाउँ'को ग्रसलेक्सन जोड्ने हो भने पनि 'पूर्णबहादुरको सारङ्गी'को भन्दा कम हुन्छ।

यस्तो ऐतिहासिक व्यापार गरेको फिल्म 'पूर्णबहादुरको सारङ्गी' कुल जनसंख्याको ६ प्रतिशतभन्दा पनि कम हो। यसले कति प्रतिशत नेपालीले घरेलु बजारमा फिल्म हेर्छन् भन्ने प्रष्ट पार्छ।

नेपालमा वार्षिकरुपमा औषत ६० फिल्म प्रदर्शनमा आउँछन्। उक्त संख्याका दर्शकका लागि बढी फिल्म भएको चलचित्रकर्मीहरूको विश्लेषण पनि सुन्न पाइन्छ। केहीले फिल्महरू बक्स अफिसमा लगातार फ्लप हुनुको कारण पनि यही हो भन्ने तर्क अगाडि सार्छन्। तर, पछिल्लो समय स्टार महँगा भनिएका नायकहरूको फिल्म बक्स अफिसमा फ्लप भएका छन्। जसले गर्दा बक्स अफिसमा हिट फिल्मको खडेरी नै लागेको छ।

चर्चामा रहेको पारिश्रमिकभन्दा फिल्मको ग्रस कलेक्सन कम देखिन लागेको छ। जसले नायकहरूको व्यवसायिक करिअरमै प्रश्न उठाएको छ।

नायकहरूमाथि ग्रसभन्दा बढी पारिश्रमिक लिने ? निर्मातालाई किन मारमा पार्ने ? व्यवसायिक जोखिम कलाकारबाटै किन ? भन्ने जस्ता प्रश्न उब्जिएका छन्। एक फिल्म बनाउन औषतमा २ करोड लगानी चाहिने निर्माताहरू बताउँछन्। तर, फिल्मको व्यापार ५० लाख कट्नै सकस छ।




आज मिति
२०८३ साल
जेठ २७ गते
बुधबार
10 June, 2026
तिथि: एकादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मानसम्मान मिल्ने योग । परिवारमा मेलमिलाप । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट धोका होला। वैदेशिक रोजगारको अवसर । |
| मिथुन | का कि कु घ ङ छ के को हा | जीवनसाथीबाट सहयोग । मन प्रश्न्न रहला । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | ब्यापार व्यवसायबाट लाभ । तर खर्च भने बढेर जाला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आम्दानीका स्रोतहरु न्युन । मनमा भने उत्साह । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अध्ययनमा सफलता । मान्यजनबाट सरसहयोग । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आफन्तबाट अपमान । मानमा धेरै कुरा खेल्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | स्वास्थ्यमा सुधार । घरायसी सामान जोडिएला । |
| धनु | य यो भा भी भ धा फा ढ भे | भ्रमणको योग । मनमा खुशी । आर्थिक लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | सन्तानबाट सुख प्राप्ती । आर्थिक पक्षमा भने कमी । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आफन्तबाट धोका । हिम्मत उत्साह भने बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | पठन पाठनमा प्रगति । मिष्ठान भोजनको अवसर । |

# ब्रह्माकुमारीद्वारा दमकका १०८ ज्येष्ठ नागरिकलाई सम्मान



**दमक/** ब्रह्माकुमारी राजयोग सेवा केन्द्र दमकको समाज सेवा प्रभागले दमक नगरपालिकाका विभिन्न वडाका ८० वर्षभन्दा माथिका १०८ जना ज्येष्ठ नागरिक आमाबुबालाई सम्मान गरेको छ । "ज्येष्ठको सम्मान सभ्य समाजको पहिचान, हिजोको योगदान, आजको सम्मान" भन्ने नारासहित आयोजित कार्यक्रममा ज्येष्ठ नागरिकहरूको योगदानको कदर गर्दै सम्मान गरिएको हो । दमक-६ स्थित पशुपति मन्दिर परिसरमा सोमबार सम्पन्न कार्यक्रममा समाज सेवा, नैतिक मूल्य तथा आध्यात्मिक चेतना प्रवर्द्धनमा सक्रिय ब्रह्माकुमारी संस्थाले ज्येष्ठ नागरिकप्रति सम्मान व्यक्त गरेको हो । संस्थाले मानव जीवनलाई नैतिकवान र चरित्रवान बनाउन, दुर्व्यसन तथा तनावमुक्त समाज निर्माण गर्न देशव्यापी रूपमा सञ्चालन गर्दै आएका गतिविधिबारे पनि कार्यक्रममा जानकारी गराएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा दमक नगरपालिकाका नगरप्रमुख रामकुमार थापा ले ब्रह्माकुमारी संस्थाले निस्वार्थ भावनाका साथ विश्वभर पुऱ्याइरहेको मानविय सेवाको प्रशंसा गरे । उनले समाजमा नैतिकता, आध्यात्मिकता र सकारात्मक सोचको विकासका लागि संस्थाले पुऱ्याउँदै आएको योगदान महत्वपूर्ण रहेको बताए । नगरप्रमुख थापाले संस्थाले सञ्चालन गर्ने प्रवचन तथा प्रशिक्षण कार्यक्रमबाट धेरैले लाभ लिन सक्ने भएकाले यस्ता कार्यक्रम सुन्न र आत्मसात् गर्न आग्रहसमेत गरे ।

उनले कार्यक्रममा उपस्थित अधिकांश ज्येष्ठ नागरिकलाई आफूले व्यक्तिगत रूपमा चिन्ने र उनीहरूको अवस्थाबारे जानकार रहेको उल्लेख गर्दै दमक नगरपालिकाले ज्येष्ठ नागरिकको स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेको बताए । उनका अनुसार ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकका लागि घरघरमै चिकित्सकीय सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ भने सोभन्दा कम उमेरका ज्येष्ठ नागरिकलाई वडा तथा नगर अस्पतालमार्फत सहज र झन्झटरहित उपचार सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

कार्यक्रमको अध्यक्षता ब्रह्माकुमारी राजयोग सेवा केन्द्र कोशी प्रदेश प्रमुख ब्रह्माकुमारी गीता दिदीले गरेकी थिइन् । विशिष्ट अतिथिका रूपमा प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय समाज सेवा प्रभागका हेडक्वार्टर कोअर्डिनेटर ब्रह्माकुमार वीरेन्द्र भाइ तथा अन्तर्राष्ट्रिय मोटिभेशनल स्पीकर एवं प्रशिक्षक प्रोफेसर डा. गिरीस भाइको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सुरुआत अतिथिहरूद्धारा दीप प्रज्वलन गरी गरिएको थियो । ब्रह्माकुमारी राजयोग सेवा केन्द्र दमककी प्रमुख सञ्चालिका ब्रह्माकुमारी राधा दिदीले स्वागत मन्तव्य व्यक्त गर्दै ज्येष्ठ नागरिक समाजका मार्गदर्शक र अनुभवका भण्डार भएकाले उनीहरूको सम्मान गर्नु सम्पूर्ण समाजको दायित्व भएको बताइन् ।

विभिन्न वडाका वडाध्यक्ष, जनप्रतिनिधि, सामाजिक संघसंस्थाका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकार तथा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र र उपसेवा केन्द्रका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा भजन-कीर्तन तथा आध्यात्मिक सन्देशसमेत प्रस्तुत गरिएको थियो । कार्यक्रम सञ्चालन ब्र.कु कविता दिदीले गरेकी थिईन ।

# चुलाचुली गोल्डकपको उपाधि वडा नम्बर ४ लाई

**चुलाचुली/** इलामको चुलाचुली गाउँपालिकामा सम्पन्न चुलाचुली गोल्डकप दोश्रो अध्यक्ष कप फुटबल प्रतियोगिताको उपाधि वडा नम्बर ४ ले चुमेको छ । सोमवार सम्पन्न फाईनल खेलमा वडा नम्बर ५ लाई शुन्यका विरूद्ध ३ गोल गर्दै वडा नम्बर ४ ले उपाधि जितेको हो ।

वडा नम्बर ४ ले उपाधिका साथै नगद १ लाख रूपैयाका ,ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरेको छ भने उपविजेता वडा नम्बर ५ ले नगद ५० हजारका साथै ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरेको छ ।

प्रतियोगिता अवधिभरमा ६ गोल गर्दै सर्वाधिक गोलकर्तामा वडा नम्बर ५ का जर्सी नम्बर ७ का प्रदिप न्यौपाने हाईस्कोरर घोषित भए ।

त्यस्तै उत्कृष्ट गोल रक्षकमा वडा नम्बर ४ का मनिष हिङमाङ, वेष्ट डिफेन्स वडा नम्बर ४ का जर्सि नम्बर १५ का डेनिस राई, वेष्ट मिडफिल्डर वडा नम्बर ४ का किस्मत लिम्बू , वेष्ट फरवार्ड वडा नम्बर ४ का आषिश लिम्बू पुरस्कृत भए ।

चुलाचुली ३ स्थित श्री किरातेश्वर माध्यमिक बिध्यालयको खेल मैदानमा सम्पन्न फाईनल खेलमा मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष बबि कुमार राई, माङसेबुङ गाउँ गाउँपालिकाका अध्यक्ष हेमन्त राईले रात्रीकालिन समयमा गाउँमै फुटवल हेरेको आ ँनो पहिलो अनुभव भएको बताउदै चुलाचुली वासीले आ ँनै मैदानमा यतिठुलो प्रतियोगिता हेर्न पाउनु भनेको खेलप्रमीहरूका लागी ठुलो उपलब्धि भएको उल्लेख गरेका थिए ।

चुलाचुली गाउँपालिकाका अध्यक्ष राजेन्द्र केरूङले चुलाचुलीमा रात्रीकालीन प्रतियोगिता गरेर खेलकुदमा नयाँ इतिहास निर्माण गर्न सफल भएको जोड दिए ।

फाईनल खेलका अवसरमा महिला तर्फको मैत्री पूर्ण खेल भएको थियो । चुलाचुली गाउँपालिका र कमल गाउँपालिकाका महिला टिम वीच भएको मैत्रीपूर्ण फूटवल खेलमा कमलले ३ गोल गरि विजयी भएको थियो ।

विजयी टिमलाई पालिका अध्यक्ष केरूङ, गाउँपालिकाकी उपाध्यक्ष दिलकुमारी योङहाङ र प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले ट्रफि , शिल्ड र प्रमाण पत्र प्रदान गरे । चुलाचुली गाउँपालिका स्तरिय युवा तथा खेलकुद समन्वय समितिका संयोजक देबेन्द्र तुम्रोकको अध्यक्षतामा सम्पन्न फाईनल खेलको उदघाटनका अवसरमा नौमती बजागाजा र झाँकीसहित जनप्रतिनिधिहरू ,संघ संस्थाका प्रतिनिधिहरू, खेल प्रेमीहरूलगायतको उपस्थिति रहेको थियो ।

# डीडीसी उत्पादन प्रवर्द्धनमा सरकारको जोड

**दमक/**सरकारले स्वदेशी उत्पादन प्रवर्द्धनलाई प्राथमिकता दिँदै दुग्ध विकास संस्थान (डीडीसी)का उत्पादनहरूको देशव्यापी बजार विस्तारबारे मन्त्रिपरिषद्मा छलफल गरेको छ। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले डीडीसीको प्रवर्द्धन, दुग्ध किसानको हित संरक्षण र संस्थानलाई थप प्रतिस्पर्धी तथा आत्मनिर्भर बनाउन सरकारी निकायबीच समन्वय आवश्यक रहेको बताइन्। साथै, किसानबाट संकलित दूधको उचित व्यवस्थापन र उत्पादनको बजार सुनिश्चित गर्न सरकारी सहयोग आवश्यक रहेकोमा उनले जोड दिइन्।

**चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्थालि. कमल-५ झापाको**

## कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्तागर्न आउने ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशितमिति २०८३/०२/२७ गते बुधबार (प्रर्वसन्देश दैनिक)*

यस सहकारी संस्थाबाट तपशीलमाउल्लेखित ऋणीले लिएको कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दै दस्तुर रकम समेत तिर्न / बुझाउनपटक-पटक मौखिक, लिखित, फोन सम्पर्क तथाप्रत्यक्ष भेटेर तरतागेतागर्दा समेत नतिरी/नबुझाइ ऋण कर्जा सम्बन्धीशर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजनिक सूचनाप्रकाशितगरिएको छ । तसर्थ यो सूचनाप्रकाशितभएको मितिले ३५ दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत) चुक्तागर्न हुन सूचितगरिन्छ। अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताकाशर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुनबमोजिमतपशीलको धितोबाट कर्जा असुलउपर गरिने ब्यहोरा सम्बन्धिततपशीलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशील**

| १. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| ऋणीको नाम : शोभा राई | नाम : मुलुक सिंह राई |
| बाबु : मेख बहादुर दाहाल | बाबु : रहरमान राई |
| पती : मुलुक सिंह राई | बाजे : दलमान राई |
| वतन : चुलाचुली-१, इलाम-हालकमलगा.पा.-३, झापा) | वतन : चुलाचुली-१, इलाम-हालकमलगा.पा.-३, झापा) |
| नागरिकता नं. : ०३०२२३/२८१६ | नागरिकता नं. : ३८४२३/२६६१ |
| जारी मिति : २०६३/१२/१३ इलाम | जारी मिति : २०४९/०५/०१ इलाम |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | शिवगंज | ७/७ङ | २०१७७ | ११०.०५ ब.मी. | शोभा राई |
| झापा | शिवगंज | ७/७ङ | २०१८० | २४१२.७३ ब.मी | शोभा राई |

| २. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| ऋणीको नाम : सेर बहादुर श्रेष्ठ | नाम : बिमलाश्रेष्ठ |
| बाबु : होम राजश्रेष्ठ | बाबु : तेज बहादुर दाहाल |
| बाजे : खड्ग बहादुर श्रेष्ठ | पती : सेर बहादुर श्रेष्ठ |
| वतन : कमलगा.पा.-३, झापा | वतन : कमलगा.पा.-३, झापा |
| नागरिकता नं. : ९७७३४११ | नागरिकता नं. : १०३४/७३५ |
| जारी मिति : २०६२/०३/०५ झापा | जारी मिति : २०६६/१०/३० झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | दमक | ६/६ | ३८९२९ | १३९.६९ ब.मी. | कमलाश्रेष्ठ |

| ३. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| ऋणीको नाम : कृष्ण घिमिरे | नाम : धर्म प्रसाद घिमिरे |
| बाबु : धर्म प्रसाद घिमिरे | बाबु : कपिल प्रसाद घिमिरे |
| बाजे : कपिल प्रसाद घिमिरे | बाजे : चन्द्रलाल घिमिरे |
| वतन : गौरादह न.पा.-०४, झापा | वतन : गौरादह न.पा.-०४, झापा |
| नागरिकता नं. : ०४२०४६/१८७४ | नागरिकता नं. : ७०७९ |
| जारी मिति : २०७०/१०/१४, झापा | जारी मिति : २०५५/११/१३, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह | ४/१७९०३३८३ | १६१२ | १३५.४४ ब.मी. | धर्म प्रसाद घिमिरे |

| ४. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : दिपककुमार राई | नाम :मिना राई |
| बाबु : अमर बहादुर राई | बाबु : मणीराज राई |
| बाजे : रामबहादुर राई | ससुरा : अमर बहादुर राई |
| वतन : गौरादह न.पा.-०२, झापा | वतन : गौरादह न.पा.-०२, झापा |
| नागरिकता नं. : १९२७५६२ | नागरिकता नं. : ०१२८११३७ |
| जारी मिति : २०५०/१२/२४, झापा | जारी मिति : २०५१/१०/१२, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह न.पा. | ४/१७९०४१८ | १९१ | ८१०.०० ब.मी. | दिपककुमार राई |
| झापा | कोहवरा | ३/१७९०४९३ | ६८१ | ०-१०-०-० | दिपककुमार राई |

| ५. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : बालेश्वर राई | नाम : कला राई |
| बाबु : राम प्रसाद राई | बाबु : हर्क राज राई |
| बाजे : कर्ण बहादुर राई | ससरा : राम प्रसाद राई |
| वतन : कमलगा.पा.-४, झापा | वतन : कमलगा.पा.-४, झापा |
| नागरिकता नं. : ८५२४४२९ | नागरिकता नं. : ०४-०२-७३-०३९४१ |
| जारी मिति : २०५०/११/२ झापा | जारी मिति : २०७३/०९/१८ झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | तोपगाछी | ४/४न | ५४८५ | १६९.३० ब.मी. | बालेश्वर राई |

| ६. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : बिबेक राउत | नाम : अमर बहादुर राउत |
| बाबु : राजकुमार राउत | बाबु : बम बहादुर राउत |
| बाजे : अमर बहादुर राउत | बाजे : हिमालध्वज राउत |
| वतन : कमलगा.पा.-३, झापा | वतन : कमलगा.पा.-३, झापा |
| नागरिकता नं. : ०४-३-०४२/३१४ | नागरिकता नं. : ९७७३१६८५३ |
| जारी मिति : २०७०/०२/०९ झापा | जारी मिति : २०३४/०९/१० झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | तोपगाछी | ५/५क | ८८९ | ५९२.५२ ब.मी. | अमर बहादर राउत |

| ७. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : काली प्रसादताजपुरिया | नाम : रात्रीताजपुरिया |
| बाबु : ध्रुवलालताजपुरिया | पती : काली प्रसादताजपुरिया |
| बाजे : उदुकलालताजपुरिया | ससुरा : ध्रुवलालताजपुरिया |
| वतन : गौरादह न.पा.-०४, रङ्गपुर झापा | वतन : गौरादह न.पा.-०४, रङ्गपुर झापा |
| नागरिकता नं. : ६९१६३४ | नागरिकता नं. : ०४०३०४६/५०० |
| जारी मिति : २०५१/०९/०४, झापा | जारी मिति : २०६३/१०/२५,झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह | १/१ | १६२६ | ४९६०.९१ ब.मी. | अनिलालताजपुरिया |

| ८. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : पुन्न प्रसाद सुवेदी | नाम : उत्तमकुमारी सुवेदी |
| बाबु : बिष्णु प्रसाद सुवेदी | पती : पुन्न प्रसाद सुवेदी |
| बाजे : कुल प्रसाद सुवेदी | ससरा : बिष्णु प्रसाद सुवेदी |
| वतन : गौरादह न.पा.-२, झापा | वतन : गौरादह न.पा.-२, झापा |
| नागरिकता नं. : २४१९३ | नागरिकता नं. : ०४२०४३/१२४६ |
| जारी मिति : २०६३/०१/२५, झापा | जारी मिति : २०६६/०७/०५, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | जुरोपानी | ५/१७९०५३९ | २४३७ | २८९.५३ ब.मी. | पुन्न प्रसाद सुवेदी |
| झापा | जुरोपानी | ५/१७९०५३९ | २४३२ | २७१.७९ ब.मी. | पुन्न प्रसाद सुवेदी |

***टोल......*** गर्नुपर्ने तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरिएको छ । यस्तै विकास योजना तर्जुमा, अनुगमन तथा कार्यान्वयन प्रक्रियामा वडा कार्यालय र नगरपालिकालाई सहयोग गर्ने, उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गर्न पहल गर्ने र सामाजिक चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने अधिकार पनि संस्थालाई प्रदान गरिएको छ ।

नगरप्रमुख थापाले २०७७ मा बनेको कार्यविधि अपुरो र प्रभावहीन भएकाले त्यसलाई खारेजी गरी नयाँ कानुनी व्यवस्था ल्याइएको बताएका छन् । उनका अनुसार पुरानो कार्यविधिले टोल विकास संस्थालाई कुनै ठोस अधिकार प्रदान गरेको थिएन, जसका कारण ती संस्थाहरु विकास निर्माण र सामाजिक उत्तरदायित्वका काममा प्रभावकारी रूपमा परिचालित हुन सकेका थिएनन् ।

"नगरपालिकाले गरेका विकास निर्माणका योजना र कार्यक्रमलाई नागरिक स्तरसम्म पुऱ्याउन, टोलका नागरिकलाई सचेत, जागरूक र जिम्मेवार बनाउन तथा विकास प्रक्रियामा प्रत्यक्ष सहभागी गराउन नयाँ कार्यविधि ल्याइएको हो," थापाले भने । उनका अनुसार नयाँ कानुनले टोल विकास संस्थालाई केवल नाममात्रको संरचना नभई स्थानीय शासन प्रणालीको महत्वपूर्ण साझेदारका रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ ।

नगरप्रमुख थापाले आगामी आर्थिक वर्षका विकास कार्यक्रम तथा बजेट कार्यान्वयनमा टोल विकास संस्थाको सक्रिय भूमिका रहने पनि बताए । नगरसभाको बजेट छलफल सम्पन्न भइसकेको र वडागत बजेटको सिलिङ निर्धारण भइसकेकाले सबै वडाध्यक्षलाई टोल विकास संस्थासँग समन्वय गरेर योजना छनोट तथा कार्यान्वयन गर्न निर्देशन दिइएको उनले जानकारी दिए । "सबै वडाध्यक्षलाई टोल विकास संस्थालाई समेटेर आगामी वर्षका विकास निर्माणका कार्यक्रम र अन्य गतिविधिमा नागरिकको सहभागिता सुनिश्चित गर्न आग्रह गरिएको छ," उनले भने ।

हालसम्म धेरैजसो टोल विकास संस्थाको गतिविधि बचत संकलन, हिसाबकिताब व्यवस्थापन र सीमित आर्थिक गतिविधिमा केन्[illegible]त देखिएको उनको भनाइ छ । "टोलको ठूलो उपलब्धि बचत गर्ने र हिसाब राखेर मुनाफा कमाउनेसम्म सीमित देखियो । तर विकास निर्माण र सामाजिक उत्तरदायित्वमा अपेक्षित सक्रियता देखिएन," उनले भने । यही अवस्थालाई परिवर्तन गर्न टोल विकास संस्थालाई नगरपालिकासँग प्रत्यक्ष जोडेर जनताका घरदैलोमा विकास र सेवाका कार्यक्रम पुऱ्याउने उद्देश्यले २९ वटा अधिकार प्रत्यायोजन गरिएको उनले जानकारी दिए ।

नगरपालिकाको बोर्ड बैठकबाट निर्णय भई लागू गरिएको कार्यविधिले टोल विकास संस्थालाई स्थानीय विकासको आधारभूत संरचनाका रूपमा स्थापित गर्ने विश्वास गरिएको छ । नगरपालिकाका अनुसार यस व्यवस्थाले विकास निर्माणमा स्थानीय स्वामित्व बढाउने, जनसहभागिता विस्तार गर्ने, योजना कार्यान्वयनमा पारदर्शिता कायम गर्ने तथा वडा र नगरपालिकाबीच नागरिकको पहुँचलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । स्थानीय तहको शासन प्रणालीलाई जनस्तरसम्म बलियो बनाउने माध्यमका रूपमा समेत नयाँ कार्यविधिलाई हेरिएको छ ।

# विद्यार्थीलाई स्कुल ब्याग वितरण

**झापा/** झापाको कालिस्थानमा बालकक्षादेखी ५ कक्षासम्म अध्ययन गर्ने विद्यार्थीलाई स्कुल ब्याग वितरण गरिएको छ । डिल्लीराम पोखरेल स्मृति प्रतिष्ठान झापाले अर्जुनधारा नगरपालिका वडा नं-९ स्थित कालीस्थान मा.वि.मा अध्ययनरत बालबालिकालाई स्कुल ब्याग वितरण गरेको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रमका बीच बालकक्षादेखी ५ कक्षासम्म अध्ययन गर्ने विद्यार्थीलाई स्कुल ब्याग वितरण गरिएको हो । प्रतिष्ठानका अध्यक्ष लक्ष्मीप्रसाद पोखरेलको प्रमुख आतिथ्य र विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष भिष्म मिश्रको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । माध्यमिक तहको उक्त विद्यालयमा बालशिक्षा लिनेदेखि कक्षा-५ सम्मका विद्यार्थीलाई प्रतिष्ठानले झोला वितरण गरेको हो ।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष लक्ष्मीप्रसाद पोखरेल, सदस्य जयधर्म पोखरेल, कालिका संस्कृत विद्यापीठका प्राचार्य आ. रघुनाथ रिजाल, विद्यालय ब्यवस्थापन समिति एवं अर्जुनधारा नगरपालिका वडा नं-९ का अध्यक्ष भिष्म मिश्र, विद्यालयका प्रधानाध्यापक इन्द्र उप्रेती लगायतले बालबालिका लाई झोला वितरण गरेका थिए । झोला प्राप्त गरेका बालबालिकाले खुशी हुँदै प्रतिष्ठानलाई धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रममा सहजीकरण कालीस्थान माविका शिक्षक कुमार मिश्रले गरे ।

कार्यक्रममा प्रतिष्ठानका बारे परिचय गराउँदै सदस्य जयधर्म पोखरेलले कालीस्थान मा.वि.को कक्षा-३ मा पढ्दापढ्दै डिल्लीराम पोखरेलको २०३३ सालमा असामयिक निधन भएको स्मरण गरे । कालीस्थान माविमा अध्ययनरत विद्यार्थीहरूकै लागि खर्च गर्ने गरी प्रतिष्ठानले १ लाख ११ हजार रूपैयाँको अक्षयकोष स्थापना गरिएको बताइएको छ ।

# तार चोर्ने दुई जना पक्राउ

**दमक/** नेपाल टेलिकमको केबल तार काट्दै गरेको अवस्थामा प्रहरीले दुई जनालाई रंगेहात पक्राउ गरेको छ । मेचीनगर नगरपालिका वडा नम्बर १३ चारआली बजारस्थित लक्ष्मी डिपार्टमेन्ट अगाडि रहेको पोलबाट तार चोर्दै गर्दा उनीहरु पक्राउ परेका हुन् ।

पक्राउ पर्नेहरूमा झापाको मेचीनगर नगरपालिका वडा नम्बर ६ बस्ने २३ वर्षीय संगम शेर्पा र सोही नगरपालिकाको वडा नम्बर १५ बस्ने २१ वर्षीय मणिराज राजवंशी रहेका छन् । प्रहरीले उनीहरूको साथबाट चोरीमा प्रयोग गरिएका सामग्री र काटिएको तार समेत बरामद गरेको छ । घटनास्थलबाट अन्दाजी ३५ मिटर नेपाल टेलिकमको केबल तार, तार काट्न प्रयोग गरिएको ३ थान ह्याक्सो ब्लेड र १ थान तार कटर बरामद भएको प्रहरीले जनाएको छ । गस्ती टोलीले नियन्त्रणमा लिएका दुवै जनालाई सुरूमा प्रहरी चौकी चारआलीमा ल्याएको थियो । त्यसपछि थप कानुनी कारबाही र अनुसन्धानका लागि उनीहरूलाई इलाका प्रहरी कार्यालय धुलाबारीमा बुझाइएको छ । पक्राउ परेका दुवै युवकविरूद्ध मुलुकी अपराध संहिता २०७४ को चोरी सम्बन्धी कसुर अन्तर्गत मुद्दा दर्ता गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका निमित्त सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुमन बानियाका अनुसार पक्राउ परेका शेर्पा र राजवंशीमाथि थप अनुसन्धान गर्नका लागि झापा जिल्ला अदालतबाट ५ दिनको म्याद प्राप्त भएको छ ।

***झापा....***लगायतका क्षेत्रमा फैलिएका सयौं बिघा चियाबगानमा उक्त किराले चियाका कोमल तथा हरिया पात मात्र होइन, बोटको वृद्धि प्रणालीमै असर पुऱ्याउन थालेको छ।

वैशाख-जेठदेखि नै सक्रिय भएको लुपर क्याटरपिलर किराले चियाका कोमल पात खाएर बोटको प्रकाश संश्लेषण प्रक्रिया कमजोर बनाइरहेको छ। यसले पातमा रहेका हरितकण नष्ट गरी बोट नै सुक्ने अवस्था सिर्जना गरेको छ।

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल,
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
प्रबन्धक: सुवासचन्द्र भट्टराई,
मुद्रण: ज्योति अफसेट प्रेस,
कार्यकारी सम्पादक: खगेन्द्र कार्की
E-mail:purbasandesh@yahoo.com
ले-आउट: सुरेन बस्नेत
सल्लाहकार : पंकज दाहाल